## परिच्छेद-४

## नगरपालिका शिक्षा समितिको काम, कर्तव्य र अधिकार तथा बैठक सम्बन्धी कार्यविधि

२४ **शिक्षा समितिको सरचना तथा कार्यसंचालन विधि:** (१) नगरपालिकामा देहाय बमोजिमको एक शिक्षा समिति रहनेछ :

(क) नगर कार्यपालिकाको प्रमुख - संयोजक

(ख) शिक्षा क्षेत्रमा विशेष योगदान दिएका बिज्ञहरुबाट समितिले मनोनित गरेको १ जना - सदस्य

(ग) प्रमुख प्रशासकिय अधिकृत -सदस्य

(घ) नगर शिक्षक महासंघको सिफारिसमा कम्तिमा १ जना महिला पर्ने गरी समितिले मनोनीत् मनोनीत २ जना शिक्षक - सदस्य

(ङ) संस्थागत विद्यालयहरुको प्रतिनिधिमूलक संस्थाको सिफारिसमा नगर शिक्षा समितिले मनोनित गरेको एक जना - सदस्य

(च) समाजसेवी शिक्षाप्रेमीहरु मध्येबाट नगर शिक्षा समितिले मनोनीत गरेको १ जना -सदस्य

(छ) विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरु मध्येबाट नगर शिक्षा समितिले मनोनीत गरेको १ जना -सदस्य

(ज) शिक्षा विकासमा योगदान गर्न सक्ने दलित अथवा महिलाको प्रतिनिधित्व हुने गरी नगर शिक्षा समितिबाट मनोनीत १ जना - सदस्य

(झ) नगर शिक्षक महासंघको अध्यक्ष -सदस्य

ञ) सामाजिक विकास समिति संयोजक, खांदबारी नगरपालिका -सदस्य

(ट) सामुदायिक विद्यालयका प्रधानाध्यापक मध्येबाट समितिले मनोनीत गरेको १ जना - सदस्य

(झ) नगर शिक्षा प्रमुख -सदस्य-सचिव

(२) शिक्षा समितिको बैठक कम्तीमा प्रत्येक २ महिनामा कम्तिमा एक पटक बस्नुपर्नेछ।

(३) शिक्षा समितिको बैठकभत्ता नगरपालिकाको प्रचलित कानुन बमोजिम हुनेछ।

